# बर्दघाट नगरपालिकाको

## विनियोजन ऐन, २०८०

बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

नगरसभामा पेश मिति २०८०।३।२८

प्रस्तावनाः बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा(२) बमोजिम बर्दघाट नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम बर्दघाट नगरपालिकाको विनियोजन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगरकार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च र पूँजिगत खर्च समेत गरी जम्मा रकम ९३ करोड ५० लाखमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त बर्दघाट नगरपालिकाको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद व्यवस्थापनमा विनियोजित बजेट अपुग हुने भएमा शसर्त वाहेकका चालु र पूंजिगत योजना तथा कार्यक्रममा विनियोजित रकम मध्येबाट रकमान्तर गरि प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्न सकिने छ । कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको

रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षककाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थापतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तिय व्यवस्था अन्तग साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बर्दघाट, नवलपरासी

अनुसूचि-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजित रकम

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | **जम्मा** |
|---|---|---|---|---|
| **१** | **नगरकार्यपालिका** | | | |
| **१.१** | सञ्चालन खर्च( न.पा.र वडा समेत) | १४५००००००।० | ५००००००।० | **१५०००००००।०** |
| **१.२** | म्याद थप भएका योजनाको भूक्तानी | | ३०००००००।० | **३०००००००।०** |
| **१.३** | समपुरक /लागत साझेदारी | ०।० | ६०००००००।० | **६०००००००।०** |
| **१.४** | कन्टीन्जेन्सी खर्च | २५०००००।० | १००००००।० | **३५०००००।०** |
| **१.५** | केन्द्र विषेश | ०।० | २१५०००००।० | **२१५०००००।०** |
| **१.६** | केन्द्र समपुरक | ०।० | ८००००००।० | **८००००००।०** |
| **१.७** | प्रदेश समपुरक | ०।० | १५००००००।० | **१५००००००।०** |
| **१.८** | प्रदेश विषेश | | ०।० | **०।०** |
| **१.९** | प्रदेश ससर्त | ११६५००००।० | १२५०००००।० | **२४१५००००।०** |
| **१.१०** | मर्मत सम्भार कोष | ०।० | ५००००००।० | **५००००००।०** |
| **१.११** | विपद व्यवस्थापन कोष | ०।० | २५०००००।० | **२५०००००।०** |
| **१.१२** | नमुना वडा विकास कार्यक्रम | ०।० | १०००००००।० | **१०००००००।०** |
| **१.१३** | नगरका गौरबका योजना | ०।० | ७५८५००००।० | **७५८५००००।०** |
| | सामाजिक सुरक्षा | ०।० | ०।० | **०।०** |
| | **क जम्मा** | **१५९१५००००।०** | २४६३५००००।० | ४०५५०००००।० |

| | | | | |
|---|---|---|---|---|
| **२** | **वडा समिति (ख जम्मा)** | २०००००००।० | ८०००००००।० | १००००००००।० |
| **३** | **विषयगत शाखा** | | | ०।० |
| ३.१ | विषयगत शाखा ससर्त | ३०१६६२०००।० | ३०३३८०००।० | ३३२००००००।० |
| ३.२ | विषयगत शाखा निशर्त | ७२५०००००।० | २५०००००००।० | ९७५०००००।० |
| ३.२.१ | कृषि शाखा | १००००००००।० | १५००००००।० | २५००००००।० |
| ३.२.२ | पशुपंक्षी शाखा | ०।० | १००००००००।० | १०००००००।० |
| ३.२.३ | महिला शाखा | ५०००००००।० | ०।० | ५००००००।० |
| ३.२.४ | शिक्षा यूवा तथा खेलकुद शाखा | ३००००००००।० | ०।० | ३००००००००।० |
| | स्वास्थ्य शाखा | २७५००००००।० | ०।० | २७५०००००।० |
| **४** | **ग जम्मा** | **३७४१६२०००।०** | **५५३३८०००।०** | ४२९५००००००।० |
| **५** | **कूल जम्मा** | **५५३३१२०००।०** | **३८१६८८०००।०** | ९३५०००००००।० |